# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा भिन्न कार्यक्रमहरूलाई सम्बोधन

**नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको शाखा कार्यालयहरू उद्घाटन**

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १९ गते बुटवलमा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको रुपन्देही जिल्लास्थित मंगलापुर, रामापुर कलौनी र कपिलवस्तु जिल्लास्थित जीतपुर ४ नं. शाखा कार्यालयहरूको संयुक्त रूपमा समुद्घाटन गर्नुभयो ।



कार्यक्रममा गभर्नर डा. नेपालले प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुहुँदै भैरहवा र बुटवल क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति अन्य क्षेत्रको भन्दा बढी मात्रामा रहेको बताउनु भयो । बैंक तथा वित्तीय संस्थाहरुलाई संस्थागत सुशासन कायम राख्न र नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्न जोड दिनुभयो ।

हामी आत्मनिर्भर बन्नु पर्ने अवस्थामा भौतारिएर विदेश पलायन हुन नहुने र हामीसँग जे सीप छ त्यसैलाई सही ढंगले सदुपयोग गरी यस क्षेत्रमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय सहयोगमार्फत रोजगारी सिर्जना गर्नेतर्फ लाग्न सुझाव दिनु भयो ।

जनताबाट उठाइने निक्षेप रकमबाट ऋण लगानी योग्य रकम छुट्याइने भएकोले सर्वसाधारणलाई घरमा पैसा राख्नुको सट्टा बैंकमा पैसा राखेमा व्याज प्राप्त हुने हुँदा बैंकमा पैसा राख्न आग्रह गर्नु भयो ।

सर्वसाधारणको निक्षेपको सुरक्षामा विशेष ध्यान दिन आग्रह गर्दै संस्थालाई अनुशासित, मितव्ययी बनाउन सञ्चालक, शेयरधनी तथा कर्मचारी सबैको आ-आफ्नै प्रकारको भूमिका रहने हुनाले यसतर्फ विशेष ध्यान दिन आग्रह गर्नु भयो ।

कृषिजन्य वस्तुहरू उत्पादनमा प्रचुर मात्रामा संभावना हुँदा हुँदै पनि हामीले यस क्षेत्रमा कृषिको आधुनिकीकरण, उच्च प्रविधि र प्राविधिक पक्षको विकास गर्न नसक्नु दुर्भाग्यपूर्ण रहेकोले सरकारले कृषि क्षेत्रमा आउँदा दिनमा बढी ध्यान दिनु पर्ने बताउनु भयो ।

गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा लगानी गर्दा सावधानी अपनाउन पनि सल्लाह दिनुभयो । उत्पादनमूलक व्यवसायमा प्राथमिकताकासाथ लगानी गरी देशको आर्थिक अवस्थालाई उकास्न पहलकदम चाल्नु पर्ने कुरामा जोड दिनु भयो । नेपालमा लगानीको लागि प्रचूर मात्रामा संभावना रहेकोले अवसरहरुको सदुपयोग गर्न र दुर्गम तथा बैंकिङ पहुँच नपुगेका बस्तिहरुमा बैंकिङ सेवा विस्तार गरी लगानीको दायरा बढाउन उहाँले सुझाव दिनुभयो ।



मुलुकमा प्रादेशिक स्थानीय स्तरको सरकार निर्माण भइसकेको सन्दर्भमा हरेक व्यावसायिक क्रियाकलापमा स्थानीय जनता नै सक्रिय भएर लागेमा देश र स्थानीय क्षेत्रको विकास हुने कुरा बताउनु भयो ।

अन्त्यमा देशको आर्थिक विकासमा बैंक तथा वित्तीय संस्थाले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरा उल्लेख गर्दै नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको शाखा कार्यालय विस्तार कार्यले यस क्षेत्रमा बैंकिङ गतिविधि थप क्रियाशील हुनेछ भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

## बिजनेश न्यूज मिडिया प्रा.लि. को नवौं वार्षिकोत्सव समारोहलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले बिजनेश न्यूज मिडिया प्रा.लि. को नवौं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०७४ फागुन २० गते बुटवलमा आयोजित **“प्रदेश ५ को समृद्धिका लागि साझेदारी विषयक आर्थिक बहस”** विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नु भयो ।



बैंक तथा वित्तीय संस्थाले व्याजदर परिमार्जन गर्दा ऋणीलाई जानकारी नै नदिई गर्ने गरेको भन्ने जिज्ञासामा गभर्नर डा. नेपालले अधिकांश विषयहरु बैंक र ऋणी बीचको सम्झौता अनुरुप हुने तर नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरूले ऋणको व्याजदर छिटो छिटो परिवर्तन गर्न नपाइने व्यवस्था गरिएको जानकारी दिनु भयो । बैंक तथा वित्तीय संस्थाहरुबाट गरिने व्याजदर परिमार्जन समय अनुकूल हुने भएकोले त्यसबाट पर्ने असर सबैले मिलेर सामना गर्नु पर्ने भन्नु हुँदै व्याजदर तोक्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकको नीतिका बारेमा जानकारी दिनु भयो ।

स्थानीय क्षेत्रको विकासका लागि स्थानीय बासिन्दा नै लाग्नुपर्ने र देशले अवलम्बन गरेका स्थानीय, प्रादेशिक र केन्द्रीय स्तरमा हुने नीति निर्माणले देश विकास हुने बताउनु हुँदै हाल निर्माण भइरहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल समयमा सम्पन्न गर्न सकेको खण्डमा यस क्षेत्रको विकासमा ठूलो योगदान पुग्ने कुरा बताउनु भयो । छिमेकी मुलुकका प्रान्तहरूले आफ्नो क्षेत्रमा गरेका विकासको उदाहरण दिनुहुँदै हामीले पनि छिमेकी मुलुकको असुल कुराको सिको गर्नुपर्ने धारणा राख्नुभयो । आफ्नो क्षेत्रको विकास गर्न आफै खट्नुपर्ने, विशेष गरी स्थानीय निकायको उपस्थितिले विकासको ढोका खोल्ने बताउनु हुँदै स्थानीय निकायका पदाधिकारीहरु सुविधाभोगी हुनुभन्दा पनि देश र स्थानीय विकासका लागि लाग्नु पर्ने सुझाउनु भयो ।

प्रदेश ५ को भौगोलिक, सामाजिक, आर्थिक तथा वित्तीय स्थितिका सम्बन्धमा जानकारी दिनुहुँदै यसमा देखिएका केही समस्याको पहिचान गरी समाधानतिर लाग्नुपर्ने कुरा बताउनुभयो । प्रदेश ५ को आर्थिक विकासका लागि आफू सदैव लागिपर्ने बताउनु हुदै यस क्षेत्रमा संचालित विभिन्न परियोजनाहरु समयमा सम्पन्न गर्न सकेको खण्डमा यस क्षेत्रको विकास चाँडो हुने बताउनु भयो ।




यस क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुलाई सबै मिलेर आकर्षणको केन्द्रविन्दु बनाइ अगाडि बढ्न सकिने बताउनुभयो ।

यस कार्यक्रममा यस क्षेत्रका सभासद्हरु, नगरपालिका प्रमुखहरु, समाजसेवीहरु, बुद्धिजीबि, औद्योगिक व्यवसायी, उद्योग वाणिज्य संघका पदाधिकारीहरू, पर्यटन व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु र नेपाल राष्ट्र बैंकका पदाधिकारीको सहभागिता रहेको थियो ।